**करार सम्झौता**

श्री...........................आधारभूत / माध्यमिक विद्यालय, चिशंखुगढी गाउँपालिका वडा नं.........

(पहिलो पक्ष भनिएको) ......................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं......... बस्ने श्री ..................................................................(दोस्रो पक्ष भनिएको) का बीच चिशंखुगढी पालिका स्थित ................................................विद्यालयमा प्राथमिक/ नि.मा.वि/मा.वि/ साविक उ.मा.वि/ बालविकास सहजकर्ता/ नि.मा.वि/ मा.वि अनुदान (तह/श्रेणी) अनुसार शिक्षक तथा कर्मचारी पदमा कामकाज गर्न गराउन मिति..........................................को निर्णयानुसार देहायका कार्य शर्तको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भहेकाले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझिलियौं/दियौं :

**१. कामकाज सम्बन्धमा :**

दोस्रो पक्षले आफूलाई तोकिएको समग्र कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नुपर्नेछ र आवश्यकता अनुसार विषयगत क्षेत्रमा रही थप काम गर्नुपर्नेछ।

तोकिए अनुसार कक्षा शिक्षण गर्नु पर्ने र विद्यालयको शैक्षिक गतिविधिमा सक्रियपूर्वक संलग्न हुनु पर्नेछ।

**२. काम गर्नु पर्ने स्थान**

चिशंखुगढी गाउँपालिका वडा नं.......................मा रहेको....................आधारभूत/ माध्यमिक विद्यालयमा र आवश्यकता अनुसार तोकिएका अन्य स्थानमा समेत काम गर्नुपर्नेछ।

**३. करारमा काम गरे वापत पाउने पारिश्रमिक :**

प्रत्येक महिना व्यतित भएपछि त्रैमासिक/ चौमासिक रुपमा नियमानुसार पहिलो पक्षले दोस्रो पक्षलाई मासिक स्केल संघीय सरकारले तोके बमोजिमको रु..................(अक्षेररुपी रु.....................................मात्र), मासिक रु २०००।- मंहँगी भत्ता गरी जम्मा रु.....................(रु अक्षरूपी.......................................मात्र), ले तीन/चार महिनामा हुने एकमुष्ट रकम उपलब्ध गराउने।

**४. आचरण :**

दोस्रो पक्षले प्रचलित शिक्षा ऐन, नियम र अन्य कानूनमा भएको व्यवस्था भए अनुसारको आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ।

**५. विदा :**

दोस्रो पक्षलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा स्वीकृत सार्वजनिक बिदा प्रचलित नियमानुसार उपलब्ध गराइनेछ। पर्व तथा भैपरी आउने विदा वार्षिक १२ दिन, विरामी विदा वार्षिक १२ दिन र प्रधानाध्यापकबाट स्वीकृत भएको काज बाहेक कुनै किसिमको विदा उपलब्ध हुने छैन। विद्यालयको लागि आवश्यक परेको खण्डम विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। सार्वजनिक विदाको दिनमा विद्यालयमा काम लगाए बापत थप रकम दोस्रो पक्षलाई दिइनेछैन/ छ। विद्यालयमा कामको सिलसिलामा

विद्यालय बाहिर जानु परेमा प्रधानाध्यापको स्वीकृत गराई जानुपर्नेछ । साथै प्रचलित शिक्षा ऐन, नियम तथा चिशंखुगढी गाउँपालिका शिक्षा ऐन तथा नियमावली भएको व्यवस्थामा प्रतिकुल नहुने गरी विदालाई सहुलियतको रुपमा प्रयोग गर्न सकिनेछ ।

**६. विद्यालयको सम्पतिको सुरक्षा :**

दोस्रो पक्षले विद्यालयको चल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ती वा हानी नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

**७. गोप्यता :**

दोस्रो पक्षले विद्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सो बाट भएको हानी नोक्सानीको क्षतिपूर्ती दोस्रो पक्षबाट भराइनेछ ।

**८. करार अवधि :**

यो करार अवधि २०......।.......।.........देखि २०.........।..........।......... सम्मको लागि हुनेछ ।

**९. कार्यसम्पादन मूल्याङ्कन :**

पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार शिर्षक छनोट कार्यविधिको दफा .............बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

**१०. पारिश्रमिक कट्टी र करार शर्तको अन्त्य :**

दोस्रो पक्षले पहिलो पक्षलाई जानकारी नदिई लगातार १५ दिन वा सो भन्दा लामो समय सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा दोस्रो पक्ष संगको समझौता रद्द गर्न सक्नेछ र निजको सट्टामा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्नेछैन र स्थायी शिक्षक सरुवा भई हाजिर हुन आएमा ह्याजिर भएकै दिन देखि करार सम्झौता सकिनेछ ।

**११. दाबी नपुग्ने :**

दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै अस्थायी वा स्थायी नियुक्ति हुनको लागि दाबी गर्न पाउने छैन/गर्ने छैन । तर विद्यालयमा काम गरेको सेवा अवधि प्रमाणित गरी कार्य सम्पादन मूल्याङ्कन भने पहिलो पक्षले गरी प्रमाणित गर्नेछ ।

**१२. प्रचलित कानून लागु हुने :**

यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

| **विद्यालयको तर्फबाट** | **दोस्रो पक्ष(करार गर्ने व्यक्ति)** | **रोहवर** |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| विद्यालयको छाप : | ठेगाना : | विद्यालयको छाप : |

**पुनश्च: करार सम्झौता फाराममा एक रुपता नआएको कारणले विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको करार सम्झौताको लागि नमुनाको रुपमा यो फारामलाई प्रयोग गर्न अनुरोध छ। सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको करार सम्झौता सम्बन्धित विद्यालयको  विद्यालयको प्रधानाध्यापकले र समुदायमा आधारित बालविकास सहयोगी कार्यकर्ताको करार सम्झौता सो समितिको अध्यक्षबाट गराउनुहुन जानकारी गराउँदछौ।**